अन्नपूर्ण गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश नेपाल

**पुनहिल र तातोपानी कुण्डमा प्रवेशको लागि सेवा शूल्क तथा क्यान्टिन सञ्चालन गर्ने आय ठेक्का सम्बन्धी बोलपत्र आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९।०४।०३

यस अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार तथा गाउँकार्यपालिकाको मिति २०७९।०३।३१ गतेको बैठकको निर्णय अनुसार आ.व.२०७९।८० को लागि निम्नानुसार आय ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निम्न शर्तको अधिनमा रही बोलपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र रु. ३००० । फिर्ता नहुने गरी नगद बुझाई गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगरबाट बोलपत्र प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा आफुले कबोल गर्न चाहेको कबोल रकम अंक र अक्षरमा प्रष्ट उल्लेख गरी सूचना प्रकाशन भएको ३१ औ दिनको १२ बजेभित्र गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ । र दर्ता हुन आएका बोलपत्र सोही दिनको २ :०० बजे कार्यालय प्रतिनिधी तथा बोलपत्र दाताको रोहबरमा खोलिने छ ।

२. बोलपत्र खरिद गर्न आउँदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, होटल व्यवसाय दर्ता भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, आय संकलन बन्दोबस्त कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा र गाउँपालिकाले आवश्यक ठानेका अन्य कागजात समेत लिई आउनु पर्नेछ ।

३. बोलपत्र दर्ता गर्न चाहने व्यक्तिहरुले धरौटी वापत आफुले कबोल गरेको अंकको ५ प्रतिशत प्रत्येक ठेक्का नम्बरको छुट्टा/छुट्टै धरौटी रकम प्रभु बैंकको पोखरेबगर शाखामा रहेको गाउँपालिकाको धरौटी खाता नं. १५४०११०४१२६०००४६ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ९० दिनको मान्यता भएको बैंकको सक्कल जमानत संलग्न गर्नु पर्नेछ ।

४. बोलपत्र फारमको खाम बाहिर ठेक्काको नाम खुल्ने गरी कार्यालयलाई सम्बोधन गरी पेश गर्नु पर्नेछ ।

५. आफुले पेश गरेको बोलपत्र फारममा कबोल गरेको रकम अक्षर र अंकमा प्रष्ट बुझिने गरी लेख्नु पर्दछ । अंक केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ।रितपुर्वक दाखिला भएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार गाउँपालिका कार्यालयमा निहित रहने छ ।

६. बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ । सो म्याद भित्र सम्झौता गर्न नआएमा जम्मा गरेको धरौटी रकम जफत गरि त्यसपछिको कबोल गर्ने बोलपत्र स्वीकृत गर्ने प्रकृया अगाडी बढाईने छ ।

७. ठेक्का सम्झौता गर्न आउँदा आफुले कबोल गरेको अंकको १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर, १३ प्रतिशतले हुन आउने मुल्य अभिवृद्धि कर (भ्याट) रकम प्रचलित कानुन बमोजिम नेपाल बैंक लिमिटेडमा दाखिला गरेको सक्कल भौचर प्रति र कबोल गरेको ५० प्रतिशत रकम यस गाउँपालिकाको प्रभु बैंक लिमिटेडको पोखरेबगर शाखामा रहेको आन्तरिक राजस्व खाता नं.१५४०११०४१२६०००५६ मा अग्रिम दाखिला गर्नु पर्ने छ । दोस्रो किस्ता २५ प्रतिशत रकम पौष मसान्त र अन्तिम किस्ता २५ प्रतिशत चैत्र मसान्त भित्र बुझाईसक्नु पर्नेछ ।

८. आफुले कबोल गरेको रकम एक मुष्ट बुझाउने स्वीकृत बोलपत्रदातालाई १० प्रतिशत रकम प्रोत्साहन स्वरुप छुट दिनेछ । एकमुष्ट रकम बुझाउन नसक्ने बोलपत्रदाताको हकमा दोस्रो र अन्तिम किस्ता बराबरको ठेक्का अवधिभर मान्य हुने बैंक जमानतपत्र पेश गर्नु पर्ने छ ।

९. स्वीकृत बोलपत्रदाताले आय संकलन गर्दा कार्यालयले तोकिदिएको दररेटमा मात्र संकलन गर्नु पर्नेछ। सोमा प्रयोग हुने रसिद आफ्नै तर्फबाट छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ। बोलपत्रदाताले गाउँपालिकामा बुझाउनु पर्ने रकम बाहेक अन्य कर दस्तु स्वयंमले बुझाउनु पर्नेछ ।

१०. यस सूचनामा उल्लेख नभएका विषयहरु कार्यापालिकाको निर्णय तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. कुनै शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन्। थप जनाकारी आवश्यक परेमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं. ९८५७६८३८१० मा सम्पर्क राख्न सकिने छ ।

तपशिल

| सि.न. | ठेक्का नं. | विवरण | ठेगाना | न्युनतम अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१।२०७९/०८० | पुनहिलमा क्यान्टीन संचालन र प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. ६ पुनहिल | रु.४०,००,००० (अक्षेरुपी चालिस लाख रुपैया मात्र) | मु.अ.कर बाहेक |
| २. | ०२।२०७९/०८० | तातोपानी कुण्डमा क्यान्टीन संचालन र प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. २ तातोपानी | रु.४०,००,००० (अक्षेरुपी चालिस लाख रुपैया मात्र) | मु.अ.कर बाहेक |

प्रमुख प्रशासकीय अधिकृत

०६९।४।२

प्रमुख प्रशासकीय अधिकृत